मधेश प्रदेश सरकार

मनोज कुमार सिंह
मन्त्री

# शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, मधेश प्रदेश

# साक्षर मधेश प्रदेश घोषणा निर्देशिका, २०८३

(मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३।०५।१५ को निर्णयबाट स्वीकृत)

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

मनोज कुमार सिंह
मन्त्री

प्रस्तावना

मधेश प्रदेशभित्र रहेका १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर नागरिकहरूलाई साक्षर बनाई प्रदेशको शैक्षिक, सामाजिक र आर्थिक रूपान्तरण गर्न,नेपालको संविधानको धारा ३१ ले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हक र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को मर्म बमोजिम मधेश प्रदेशलाई "साक्षर प्रदेश" घोषणा गर्न वाञ्छनीय भएकोले भएकोले मधेश प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"साक्षर मधेश प्रदेश घोषणा निर्देशिका, "२०८३ "** रहनेछ।

(२) यो निर्देशिका मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय सम्झनु पर्दछ।

(ख) **"लक्षित समूह"** भन्नाले १५ वर्ष पुरा भई ६० वर्ष पुरा नभएका मधेश प्रदेश भित्र स्थायी वसोवास गर्ने नागरिकहरू सम्झनुपर्दछ।

(ग) **"साक्षर"** भन्नाले नेपाल सरकारले तोकेका साक्षरताका १२ वटा सूचकहरू मध्ये न्यूनतम ६ वटा सूचक सम्बन्धी तोकिएको अवस्था पुरा भएको सम्झनु पर्दछ।

(घ) **"एकाइ "** भन्नाले मधेश प्रदेशका ८ वटै जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय एकाइ (EDCU) सम्झनु पर्दछ।

(ङ) **"साझेदार संस्था"** भन्नाले यस अभियानमा आर्थिक, प्राविधिक वा सामाजिक परिचालनमा सहयोग गर्ने गैरसरकारी संस्थाहरू सम्झनुपर्दछ।

(च) **"निर्देशनालय"** भन्नाले शिक्षा विकास निर्देशनालय, जनकपुरधाम, मधेश प्रदेश सम्झनुपर्दछ।

(छ) **"स्थानीय तह"** भन्नाले मधेश प्रदेश भित्रका स्थानीयतहहरू सम्झनु पर्दछ।

नि. प्रदेश सचिव

मनोज कुमार सिंह
मन्त्री

(ज) "अगुवा विद्यालय" भन्नाले सम्बन्धित स्थानीय तहले साक्षरता प्रयोजनको लागि तोकेको कुनै माध्यमिक तह(९-१२)को विद्यालयलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## तथ्याङ्क सङ्कलन

**३. निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा घरधुरी सर्वेक्षण निम्न विधिबाट गरिने छः-**

(१) सम्बन्धित वडा कार्यालयबाट प्राप्त भएको निरक्षर सम्बन्धी तथ्यांकलाई वडाक्षेत्र भित्रको निरक्षरहरूको जनसंख्या मानिनेछ।

(२) निरक्षरको तथ्यांकलाई सम्बन्धित वडा अध्यक्ष र वडा सचिवको संयुक्त हस्ताक्षरयुक्त सिफारिसलाई मात्र वडाको आधिकारिक तथ्यांकको रूपमा मानिनेछ।

**४.निरक्षर व्यक्तिको पहिचान/ सर्वेक्षण:** (१) प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका १५-६० वर्ष उमेर समूहका निरक्षरहरूको विवरण सङ्कलन गर्न सम्बन्धित वडाका विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक , कर्मचारी सहित आवश्यक व्यक्तिलाई स्थलगत रूपमा पठाउन/ खटाउन सक्नेछ।

## परिच्छेद-३

## संस्थागत संरचना र समितिहरू

**५. प्रदेश साक्षरता अभियान निर्देशक समितिः- (१)** यस अभियानलाई सफल बनाउन देहाय बमोजिमका समितिहरू रहनेछन्।

(क) माननीय मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सचिव (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) -सदस्य

(ग) प्रदेश सचिव (अर्थ मन्त्रालय) -सदस्य

(घ) प्रदेश सचिव (मन्त्रालय) -सदस्य

(ङ) महाशाखा प्रमुखहरु (मन्त्रालय) -सदस्य

नि. प्रदेश सचिव

(च) निर्देशक, शिक्षा विकास निर्देशनालय -सदस्य सचिव

(२) प्रदेश साक्षरता अभियान लाई सहयोग गर्नको लागि सदस्य सचिवले कानून अधिकृत र अन्य एक जना अधिकृत कर्मचारीलाई खटाउन सक्नेछ ।

(३) प्रदेश साक्षरता अभियान निर्देशक समितिको बैठक मासिक रूपमा कम्तीमा दुईपटक बस्ने छ ।

**६. निर्देशक समितिको काम, कर्तव्य र अधिकार:-**

(क) मधेश साक्षर अभियान सञ्चालन सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) बजेट र स्रोत सुनिश्चित गर्ने,

(ग) समग्र प्रदेशव्यापी अभियानको आवश्यकता बमोजिम उच्चस्तरीय अनुगमन गर्ने, गराउने

**७. जिल्ला साक्षरता कार्यक्रम समन्वय समिति:**

(क) प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइ -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि, -सदस्य

(घ) शाखा अधिकृत, शिक्षा विकास तथा समन्वय इकाइ -सदस्य सचिव

**८. जिल्ला साक्षरता कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार:**

(क) "साक्षर जिल्ला" घोषणाका लागि आवश्यक समन्वय,सहकार्य, सिफारिस र अनुगमन गर्ने ।

(ख) स्थानीय तहबाट प्राप्त साक्षरता तथ्यांकको आधारमा साक्षर जिल्ला घोषणा गर्ने ।

(ग ) सम्बन्धित जिल्ला अन्तर्गत स्थानीय तह साक्षर घोषणा भएको जानकारी शिक्षा तथा संस्कृति मन्त्रालय र शिक्षा विकास निर्देशनालयमा गराउने ।

**९. स्थानीय तह साक्षरता कार्यक्रम कार्यान्वयन समिति:**

(क) प्रमुख/अध्यक्ष, स्थानीय तह, -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, -सदस्य

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

मनोज कुमार सिंह
मन्त्री

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

मनोज कुमार सिंह
मन्त्री

(ग) सबै वडा अध्यक्षहरू -सदस्य

(घ) अगुवा विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापक -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद माहाशाखा/शाखा प्रमुख, -सदस्य सचिव

**१०. स्थानीय तह साक्षरता कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

(क) साक्षरता सहजकर्ता र स्वयंसेवक लाई छनौट गरी परिचालन गर्ने

(ख) साक्षरता कक्षा सञ्चालन गर्ने,

(ग)प्राप्त विवरण अद्यावधिक तथा प्रमाणिकरण गर्ने / गराउने ।

(घ ) स्वयंसेवक छनौट सम्बन्धी छनौटका आधारहरू सोही समितिले निर्धारण गर्ने छ ।

## परिच्छेद-४

## गैरसरकारी संस्था र साझेदारहरूसँग समन्वय

११. गैरसरकारी तथा साझेदार संस्थाको परिचालनः- (१) गैरसरकारी संस्थाहरू (NGOs/ INGOs) ले आफ्नो सेवा क्षेत्रमा सामाजिक परिचालन, घरधुरी सर्वेक्षण लगायत साक्षर मधेश प्रदेश घोषणा सम्बन्धी कार्यक्रममा तोकिएको स्थानीय तहसंग सहकार्य र समन्वय गर्न सक्नेछ ।

(२) साझेदार संस्थाहरूले साक्षरता सम्बन्धी सिकाई सामग्री प्रयोग गरी स्थानीय तहको समन्वयमा आर्थिक तथा प्राविधिक सहयोगमा साक्षरता कक्षा सञ्चालन गर्न सक्नेछन् ।

(३) संस्थाहरूले गरेको कार्यको मासिक प्रतिवेदन सम्बन्धित स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाई र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## घोषणा प्रक्रियामा निकायगत भुमिका

१२. नेपाल सरकारको शिक्षा तथा खेलकूद मन्त्रालयबाट गठित उच्चस्तरीय विज्ञ कार्यदलको प्रतिवेदनका आधारमा २०८४ साल आसाढ मसान्तभित्र सबै वडाका निरक्षर नागरिकलाई साक्षरता कक्षा ( सेसन)सञ्चालन गरी निरक्षरताको बक्यौता फर्छयौट गर्ने उद्धेश्य सिद्ध गर्न प्रदेशभित्र क्रियाशिल विभिन्न निकाय/संस्थाले ठोस कार्यश्रृङ्खला सम्पादन गर्न देहाय अनुसार भुमिका निर्वाह गर्नु पर्नेछ ।

नि. प्रदेश सचिव

मनोज कुमार सिंह
मन्त्री

## १३.मन्त्रालयको भुमिका

(क) साक्षर मधेश प्रदेश घोषणा सम्बन्धी साक्षर मधेश अभियानको संयोजनकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ख) निरक्षरताको बक्यौता फछ्यौंट गर्ने कार्यका लागि स्थानीय तहका राजनीतिक नेतृत्वसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

(ग) साक्षर घोषणाको चरणमा पुगेका स्थानीय तह र जिल्लाहरुलाई साक्षर स्थानीय तह र जिल्ला घोषणा गर्न आवश्यक सहजीकरण गर्ने ।

## १४. निर्देशनालयको भुमिका

(क) साक्षरताको लागि विनियोजित बजेट खर्च गर्न मुख्यमन्त्री-साक्षरता अभियान अन्तर्गत निरक्षरहरूको तथ्यांक संकलन तथा साक्षरता कार्यक्रम संचालन शीर्षकबाट अनुसूची -१ बमोजिमका शीर्षकहरूमा बाडफाँड गरी तथ्यांक संकलन बाहेक साक्षरता सम्बन्धि मात्र, खर्च तथा अभिलेखीकरण गर्ने ।

(ख) अन्तर स्थानीय तह/अन्तर जिल्ला समन्वय गर्ने ।

(ग) साक्षरता सम्बन्धी कार्यक्रमको अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

(घ) सबै जिल्ला साक्षर घोषणा भएको आधारमा प्रदेश साक्षर घोषणा समारोहको मन्त्रालयसंग समन्वय गरी आयोजना गर्ने

## १५. एकाईको भुमिका

(क) साक्षर मधेश प्रदेश अभियान तयारी र कार्यान्वयनका चरणमा आवश्यक अन्तर निकायगत समन्वय, सल्लाह, सुझाव र अनुगमन, सहजीकरण, अभिलेखन र प्रतिवेदन तयार गरी पेस गर्ने,

(ख) साक्षर घोषणा भएका स्थानीय तहहरूको विवरण तयार गरी साक्षर जिल्ला घोषणाको संयोजन गर्ने,

(ग) साक्षर जिल्ला घोषणा सम्बन्धी विवरण प्रमाणित गरी प्रदेशको शिक्षा विकास निर्देशनालय, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागमा पठाउने ।

## १६. स्थानीय तहको भुमिका

(क) व्यक्ति प्रणाली (Each one Teach One) वा समूह प्रणाली (Each one Teach Five) विधिका आधारमा साक्षरता अभियान सञ्चालनका लागि सम्बन्धित वडामा रहेको कक्षा (९-१२) सञ्चालित माध्यमिक विद्यालयलाई सेवाक्षेत्र दृष्टिगत गरी साक्षरता कार्यक्रम सञ्चालन गर्न अगुवा विद्यालय तोक्ने ।

(ख) कुनै वडामा माध्यमिक तहको विद्यालय नरहेको अवस्थामा सो वडाका विद्यार्थी अध्ययन गर्ने नजिकको माध्यमिक विद्यालयलाई यस प्रयोजनका लागि जिम्मेवार विद्यालय तोक्न सकिने छ ।

(ग) यस कार्यक्रमका लागि अगुवा विद्यालयका प्रअहरूलाई अभिमुखीकरण सञ्चालन गर्ने ।

(घ) वडाबाट विवरण प्राप्त भए पछि प्रोफाइल पेश भएका वडाका हकमा तुरुन्त कक्षा सञ्चालनको प्रवन्ध गर्ने ।

(ङ) स्थानीय तहले विद्यालय, सामुदायिक सिकाइ केन्द्र, विकास साझेदार संस्था वा साक्षरता कार्यक्रम सञ्चालन गर्ने संस्थालाई आवश्यकता अनुसार तोकिएको अगुवा विद्यालयमार्फत काम गर्न परिचालन गर्ने ।

नि. प्रदेश सचिव

मनोज कुमार सिं
मन्त्री

(च) वडाहरुबाट प्राप्त तथ्याङ्कका आधारमा साक्षर स्थानीय तह घोषणा गर्ने। आफ्नो स्थानीय तहको समग्रमा १५-६० वर्ष उमेर समूहका ९५% जनता साक्षर भएको यकिन भएमा कुनै वडा साक्षर घोषणा नभएको भए पनि साक्षर स्थानीय तह घोषणा गर्न सकिने।

**१७. वडा कार्यालयको भुमिका**

(क) निरक्षरको लगत सङ्कलन गरेर साक्षरता कार्यक्रम सञ्चालन गरिसकेका वडाहरुले वडा समितिबाट वडा साक्षर भएको निर्णय र साक्षर नागरिकको तथ्याङ्क प्रमाणित गरी तत्काल सम्बन्धित स्थानीय तहमा पेश गर्ने।

(ख) निरक्षरताको तथ्याङ्कका आधारमा आफ्नो वडाका १५-६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको भएमा वडा समितिबाट निर्णय गरी तथ्याङ्कसहित सम्बन्धित स्थानीय तहमा पठाउने।

(ग) बाँकी रहेका वडाहरुका हकमा सम्बन्धित स्थानीय तहको निर्देशनका आधारमा सामुदायिक सिकाइ केन्द्र वा सम्भावित उपयुक्त विकल्पको प्रयोग गरी निरक्षरहरूको नामनामेसी (profile) सङ्कलन गर्ने।

(घ) साक्षरता कक्षा सहजकर्ताका रुपमा काम गर्ने स्वयंसेवक विद्यार्थी छनोट गर्न जिम्मेवार अगुवा विद्यालयलाई सहजीकरण गर्ने।

(ङ) छनोट भएका विद्यालयले सञ्चालन गर्ने साक्षरता कक्षा सहजकर्ताका लागि लक्षित अभिमुखीकरण कार्यमा प्रशासनिक सहजीकरण गर्ने।

(च) वडा तहमा क्रियाशील सामुदायिक सिकाइ केन्द्र तथा गैर सरकारी संस्थाहरुलाई साक्षरता कक्षा सञ्चालन सम्बन्धी कार्य व्यवस्थित तुल्याउन आवश्यकतानुसार परिचालन गर्ने।

(छ) साक्षरता कक्षा सम्पन्न गर्ने नागरिकको नामनामेसी विवरण प्रमाणित गरी स्थानीय तहमा पठाउने।

**१८.अगुवा विद्यालयको भुमिका**

(क) अगुवा विद्यालय (लिड स्कूल) ले वडा कार्यालयबाट प्राप्त निरक्षर नागरिकको नामनामेसी विवरणका आधारमा साक्षरता कार्यक्रम सञ्चालन योजना बनाउने।

(ख) निरक्षर नागरिकको संख्याका आधारमा व्यक्ति विधि (each one teach one ) वा समूह प्रणाली (each one teach five) बाट साक्षरता कक्षा सञ्चालन गर्ने प्रयोजनका लागि आफ्नो सेवाक्षेत्रभित्रका कक्षा १०, ११ र १२ को विद्यार्थीहरूलाई साक्षरता कक्षा स्वयंसेवक सहजकर्ताका खटाउने।

(ग) अगुवा विद्यालयले साक्षरताका १२ वटा सूचकमा आधारित शिक्षा विभागबाट जारी भएको **आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२** प्रयोग गर्ने सम्बन्धमा कक्षा स्वयंसेवक विद्यार्थीहरु र आवश्यकता बमोजिम अन्य व्यक्तिलाई एक दिवसीय अभिमुखीकरण गर्ने।

(घ) स्वयंसेवक विद्यार्थीलाई साक्षर गराउनुपर्ने निरक्षरको नामावलीसहित जिम्मेवारी तोक्ने साथै आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्रीलाई मुख्य आधार मानी दैनिक २ घन्टाका दरले ३०कार्यदिनमा साक्षरता कक्षा पूरा गर्ने गरी योजना बनाउने। निरक्षर नागरिकको पकेट समुदायमा पायक पर्ने भएमा एकजना सहजकर्ताले ५ जनासम्म निरक्षर नागरिकलाई एकै स्थानमा राखी साक्षरता कक्षा सञ्चालन गर्न सक्ने प्रावधान अपनाउने र त्यसै गरी कक्षा
सहजीकरण योजना तयार गर्ने।

(ङ) मातृभाषामा साक्षरता सीप हासिल गरेका व्यक्तिलाई पनि साक्षर गणना गरिने हुनाले मातृभाषामा तयार गरिएका सिकाइ सामग्री पनि प्रयोग गर्न सकिने छ।

नि. प्रदेश सचिव

**१९. साक्षरताको थ्रेसहोल्ड (Threshold):-** कूल लक्षित जनसङ्ख्या (१५-६० वर्ष) को न्यूनतम ९५ प्रतिशत साक्षर भएको अवस्थामा मात्र सम्बन्धित क्षेत्रलाई साक्षर घोषणा गर्न सकिनेछ ।

**२०. घोषणाको क्रमबद्ध प्रक्रिया:-** (१) **साक्षर वडा घोषणा:** वडाका ९५ प्रतिशत नागरिक साक्षर भएको प्रतिवेदन पुष्टि भई वडा समितिले निर्णय गरेपछि वडालाई साक्षर घोषणा गर्नेछ ।

(२) **साक्षर स्थानीय तह घोषणा:-** वडाका सबै विवरण र सिफारिसका आधारमा स्थानीय तहको कार्यपालिका बैठकले निर्णय गरी साक्षर नगरपालिका वा गाउँपालिका घोषणा गर्नेछ ।

(३) **साक्षर जिल्ला घोषणा:-** जिल्लाका सबै स्थानीय तह साक्षर भएपछि शिक्षा विकास तथा समन्वय इकाइको प्रमाणीकरणको आधारमा साक्षर जिल्ला घोषणा गर्नेछ र उक्त घोषणाको जानकारी मन्त्रालयलाई १५ दिन भित्रमा दिनु पर्नेछ ।

(४) **साक्षर मधेश प्रदेश घोषणा-:** ८ वटै जिल्ला साक्षर घोषणा भएपश्चात् प्रदेश सरकारले विशेष समारोहका बीच "साक्षर मधेश प्रदेश" घोषणा गर्नेछ ।

## परिच्छेद-६

## विविध

**२१. बजेट तथा आर्थिक व्यवस्थापन:-** (१) यस अभियानका लागि प्रदेश सरकारको सोही कार्यक्रमको लागि विनियोजित बजेट (आवश्यक्ता अनुसार थप बजेट समेत) र स्थानीय तहको आन्तरिक बजेट परिचालन गरिनेछ। साक्षर जिल्ला घोषणा गर्न नेपाल सरकार शिक्षा,तथा खेलकुद मन्त्रालयले उपलब्ध गराएको बजेट समेत खर्च गरिनेछ ।

**२२. अनुगमन र प्रतिवेदन:-** (१) प्रत्येक स्थानीय तहले तोकेबमोजिमको ढाँचामा प्रत्येक १५-१५ दिनमा प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ साथै मन्त्रालय तथा निर्देशनालयबाट यस कार्यक्रमको प्रगति अवस्था पत्ता लगाउन आवश्यकता अनुसार अनुगमन गरिनेछ । प्रदेश स्तरीय अनुगमनवापतको खर्च यस कार्यक्रमको लागि छुट्याइएको बजेटबाट व्यहोरिने छ ।

**२३. मान्य हुने:- (१)** साक्षर मधेश प्रदेश घोषणा सम्बन्धी विषय यसै निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ । यस निर्देशिकामा उल्लेखित विषय सङ्घीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र उक्त विषय सङ्घीय कानुन अनुसार नै हुनेछ ।

**२४. बाधाअडकाउ फुकाउ:- (१)** साक्षर मधेश प्रदेश घोषणा कार्यक्रम कार्यान्वन गर्दा कुनै बाधा अड्काउ भएमा मन्त्रालयले निर्णय गरी बाधा अडकाउ फुकाउने छ ।

मनोज कुमार सिंह
मन्त्री

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

मनोज कुमार सिंह
मन्त्री

निर्देशिकाको बुँदा १५ (क ) बमोजिम

अनुसूची-१

क. बैठक भत्ता

ख. प्रचार प्रसार ( पम्प्लेटिंग, भित्तेलेखन, मिडिया प्रचार )

ग. साक्षर मधेश घोषणाको लागि स्थानीय तह स्तरीय, जिल्ला स्तरीय , प्रदेश स्तरीय सम्मेलन , गोष्ठी , कार्यशाला , अभिमुखीकरण

घ. अभिलेखीकरण

ङ. अनुगमन

च. आवश्यकता अनुसार निर्देशक समितिले निर्णय गरी तोकेका अन्य कार्यहरू

छ. प्रदेश साक्षरता घोषणा कार्यक्रम आयोजना तथा सहजीकरण

नि. प्रदेश सचिव